उमाकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्रसख्या:-०८३/०८४

चलानी नं:-९२८६

अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना(CBR) कार्यक्रम संचालनार्थ प्रस्ताव आहान सम्बन्धि सूचना

प्रकाशित मिति: २०८३/०८/०८

आ.व. २०८३/०८४ मा यस गाउँपालिकाका लागि बागमती प्रदेश सरकारबाट स्वीकृत कार्यक्रम अन्तर्गत साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि **समुदायमा आधारित पुनस्थापना कार्यक्रम (CBR)** अन्तर्गत पहुँच नपुगेका अपाङ्गता व्यक्तिलाई उपचारात्मक सेवा, सहायक सामग्री वितरण, सुधारात्मक शल्यक्रिया, अपाङ्गता व्यवस्थापन कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा अपाङ्गताको क्षेत्रमा कार्यरत इच्छुक संघ-संस्थाहरुले साझेदारीमा कार्यक्रम संचालन गर्न सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिन भित्र आवश्यक कागजातहरु उमाकुण्ड गाउँपालिकाको कार्यालयमा कार्यक्रम प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. संस्थाको दर्ता प्रमाण पत्रको नवीकरण, करचुक्ता प्रमाणपत्र PAN, दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. संस्था दर्ता प्रमाण-पत्र र समाज कल्याण परिषद आबद्ध भएको प्रमाणपत्रको प्रतिलिपि।

३. आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन।

४. संस्थाले अपाङ्गता क्षेत्रमा काम गरेको कम्तिमा २ बर्षको अनुभव सम्बन्धी कागजात।

५. अपाङ्गता व्यक्तिद्वारा संचालित संस्थों र विधानमा अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उदेश्य भएको हुनुपर्ने।

६. संस्थाको प्रोफाइल।

७. कम्तीमा २० (बीस) प्रतिशत साझेदारी सहितको प्रस्ताव पेश गर्ने संस्थागत निर्णय।

८. बजेट तथा कार्यक्रम।

क्र.स	कार्यक्रमको शीर्षक	बजेट रकम	कार्यक्रम सम्पन्न अवधि	कैफियत
१.	अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम।	रु.४,००,०००/-(अक्षेरुपी रु. चार लाख रुपैयाँ मात्र)	असार मसान्त २०८४	

आवस्यक जानकारीको लागि सम्पर्क नं .९८६०३०८६५०

.....

एकराज कुलुङ

प्रमुख प्रशासकीय अधिकृत